# नेपाल टेलिभिजन

## टोकियो ओलम्पिक खेल २०२० प्रायोजन सम्बन्धी
## सिलवन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७८।०३।२५ गते )

**२३ जुलाई २०२१ देखि शुरु हुन गईरहेको टोकियो ओलम्पिक खेल २०२० को नेपाल टेलिभिजनका विभिन्न च्यानलहरुवाट प्रत्यक्ष प्रसारण गरिने भएकोले टोकियो ओलम्पिक खेल २०२० प्रायोजन गर्न इच्छुक नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएका विज्ञापन एजेन्सी /संस्थाका लागि यो शिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।**

१. वोलपत्र फाराम संस्थानको व्यापार महाशाखा, सिंहदरबार, काठमाण्डौंवाट रु.३०००।- नियमानुसार शुल्क बुझाई यो वोलपत्र आब्ह्ानको सूचना प्रकाशित भएको मिति देखि ७ दिन भित्र कार्यालय समय सम्म खरिद गर्न सकिने छ । वोलपत्र फारम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ ।

२. रितपूर्बकको सिलवन्दी गोप्य प्रस्ताव प्रथम पटक सूचना प्रकाशित मितिले ७ औ दिनको भोलिपल्ट दिनको १२.०० बजे सम्ममा संस्थानको व्यापार महाशाखा सिंहदरबार, काठमाण्डौंमा दर्ता गराईसक्नु पर्नेछ । पेश भएका वोलपत्रहरु सोहि दिनको २:०० वजे संस्थान तथा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा वोलपत्र खोलिनेछ । वोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा परेको मानिने छैन । सिलवन्दी गोप्य प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन तोकिएको समयसम्ममा प्रस्ताव दर्ता तथा वोलपत्र खोल्ने काम गरिनेछ ।

३. वोलपत्र सम्वन्धी विस्तृत जानकारी व्यापार महाशाखा सिंहदरबार, काठमाण्डौंमा उपलब्ध हुनेछ तथा नेपाल टेलिभिजनको वेभसाईट **www.ntv.org.np** वाट पनि प्राप्त गर्न सकिनेछ ।

नेपाल टेलिभिजन
व्यापार महाशाखा, सिंहदरबार, काठमाण्डौं
फोन नं.–: ४२००३४८ / ४२००५६५